# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ४) तिलोत्तमा, असार महिना १५ गते २०७७ साल (संख्या ४

**भाग : १**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०७७ सालको ऐन नं. २**

**कार्यविधिको नाम : तिलोत्तमा नगरपालिका विनियोजन ऐन, २०७७**

तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**सभामा पेश भएको मितिः २०७७/०३/१०**

**<u>प्रस्तावनाः</u>** तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम तिलोत्तमा नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. यस ऐनको नाम तिलोत्तमा नगरपालिकाको विनियोजन ऐन, २०७७ रहेको छ।

२. यो ऐन २०७७ श्रावण १ गतेदेखि लागू हुनेछ।

२. आर्थिक वर्ष २०७७/०७८ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूजिगत खर्च र वित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १८९०६७२५६४।०० ( अक्षरुपी: एक अर्ब उनानब्बे करोड छ लाख बहत्तर हजार पाँच सय चौसठ्ठी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन**

१. यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त तिलोत्तमा नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

३. उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ निनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

४. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची-१

## (दफा) २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम रु. १८९०६७२५६४।—

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका र विषयगत शाखा | ५१३८९९५६0।00 | ९९४२९५00४।00 | | १५0८१९४५६४।00 |
| २ | | वडा सिमित | ६२२२000।00 | १२६२५६000।00 | | १३२४७८000।00 |
| ३ | | नगर कार्यपालिका सामाजिक सुरक्षा | २५0000000।00 | | | २५0000000।00 |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | **जम्मा** | | | | १८९0६७२५६४।00 |

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०७७/३/१०**

**(माधव प्रसाद शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**